बेसार **निर्यातको सम्भावना भएका देशहरु**

| देश | निर्यात माग | प्रयोग भएको माग | बाँकि माग |
|---|---|---|---|
| अमेरिका | $८२ मिलिएन | $४९ मिलिएन | $३८ मिलिएन |
| भारत | $७५ मिलिएन | $३३ मिलिएन | $४३ मलिएन |
| बंगलादेश | $४४ मिलिएन | $२० मिलिएन | $ २५ मिलिएन |
| इरान | $३० मिलिएन | $ १७ मिलिएन | $१३ मिलिएन |
| जर्मनी | $२३मिलिएन | $१४ मिलिएन | $१४ मिलिएन |
| बेलायत | $२१ मिलिएन | $१३ मिलिएन | $११ मिलिएन |
| मलेसिया | $२१ मिलिएन | $१३ मिलिएन | $११ मिलिएन |

**स्रोत : Export potential map, International trade center**

**छुर्पी** (Hs code २३०९१०००)

छुर्पी नेपालको एकदमै प्रख्यात, सोझै खान मिल्ने, धुँवा लगाइएको, सुख्खा, सधैं पाइने, पौष्टिक पदार्थले भरिपूर्ण परम्परागत दुग्ध पदार्थ हो । यसको उत्पादन विशेषत: पूर्वी नेपालको दुर्गम पहाडी जिल्लाहरू वा हिमालय क्षेत्रतिर विशेषत चौरीको दूधबाट र हाल अन्य क्षेत्रहरूमा गाई वा भैंसीको दूधबाट पनि तयार गरिन्छ । राम्रो गुणस्तरको र लामो समयसम्म गुणस्तर नबिग्रने छुर्पीले राम्रो बजार तथा मूल्य पाउने हुँदा यसको उत्पादन जुनसकै क्षेत्रमा थोरै लगानीमा गर्न सकिन्छ । छुर्पीलाई ताजा वा सुकाएर जलांश घटाइएको दुवै अवस्थामा उपभोग गर्न सकिन्छ । हाल मानिसले मात्र होइन छुर्पी कुकुरलाई खुवाइने 'डग च्यू' छुर्पी तयार पारी विदेशमा पनि बिक्री गरिन्छ । नेपालबाट अमेरिका, क्यानाडा, चेक रिपब्लिक, सिंगापुर, कोरिया, ताइपाइ चाइनामा छुर्पीको निर्यात हुन्छ ।

छुर्पी **निर्यातको सम्भावना भएका देशहरु**

| देश | निर्यात माग | प्रयोग भएको माग | बाँकि माग |
|---|---|---|---|
| जर्मनी | $२.३ बिलिएन | $१.६ बिलिएन | $९६३ मिलिएन |
| अमेरिका | $१.६ बिलिएन | $११ बिलिएन | $९२७ मलिएन |
| बेलायत | $१.५ बिलिएन | $९८७ मिलिएन | $ ६८७ मिलिएन |
| क्यानाडा | $१.२ बिलिएन | $ ७८२मिलिएन | $४१८ मिलिएन |
| फ्रान्स | $१.२ बिलिएन | $७७५ मिलिएन | $३८१ मिलिएन |
| इटाली | $१ बिलिएन | $७२५ मिलिएन | $४२४ मिलिएन |
| जापान | $९८५मिलिएन | $७०५मिलिएन | $३९१ मिलिएन |
| पोल्याण्ड | $९६६ मिलिएन | $६६५ मिलिएन | $३२६ मिलिएन |

**स्रोत : Export potential map, International trade center**

**चिया** (Hs code ०९०२४०००)

देशको ७७ जिल्ला मध्ये १४ जिल्लामा व्यावसायिक रुपले चिया खेती गरेको पाइएको छ । चिया नेपालको प्रमुख निकासी योग्य बस्तु हो । ITC(International Trade Center) को तथ्याङ्क अनुसार चिया आयातकर्ता देशहरु भारत, जर्मनी, रसिया, चेक रिपब्लिक र अमेरिका हुन् । भारतले नेपाली कच्चा चिया आयात गरी मूल्य अभिवृद्धि गरि तेस्रो मुलुकमा निकासी गरेको देखिएको हुँदा नेपालमा मूल्य अभिबृद्धि गरि तेस्रो मुलुकमा निकासी गर्न सकिन्छ ।

**चिया निर्यातको सम्भावना भएका देशहरु**

| देश | निर्यात माग | प्रयोग भएको माग | बाँकि माग |
|---|---|---|---|
| पकिश्तान | $१.४ बिलिएन | $५६४ मिलिएन | $५७२ मिलिएन |
| रसिया | $५२७ मिलिएन | $३५० मिलिएन | $२१२ मिलिएन |
| इरान | $४९७ मिलिएन | $२८२ मिलिएन | $ २१५ मिलिएन |
| इजिप्ट | $४६१ मिलिएन | $ २१९ मिलिएन | $२४३ मिलिएन |
| बेलायत | $४६१ मिलिएन | $२७४ मिलिएन | $२२६ मिलिएन |
| यु.य.इ | $२९९ मिलिएन | $१६५ मिलिएन | $१३५ मिलिएन |
| अमेरिका | $२९७ मिलिएन | $१७३ मिलिएन | $२०० मिलिएन |

**स्रोत : Export potential map, International trade center**

**प्रकाशन:**

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**कृषि सूचना तथा प्रशिक्षण केन्द्रद्वारा प्रकाशित**

हरिहरभवन, ललितपुर

प्रकाशन मिति: २०७८

फोन नं. ०१-५४२२२५५८, ५४२५६१७, ५५२२२४८, ५५५५१२७

Email: info@aitc.gov.np, website: www.aitc.gov.np

किसान कल सेन्टर टोल फ्रि नं.: १६६००१९५०००

**लेखक**

**भावना पौडेल (वा.वि.अ)**

**MSc. कृषि अर्थशास्त्र**

# नेपालमा निर्यातयोग्य कृषि बस्तुको वास्तविकता र सम्भावना

## पृष्ठभूमि

नेपाल कृषि प्रधान देश हो । यहाँका बहुसंख्यक जनताहरु परापूर्वकाल देखि नै कृषि पेशामा निर्भर हुँदै आएका छन् । नेपाल व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको तथ्यांक अनुसार विगतमा नेपालले धान, चामल, जुट तथा जुटका सामानहरु गहुँको पीठो आदि उल्लेख्य परिमाणमा निर्यात गरेको देखिन्छ । त्यसमध्ये धान, चामल आदि भारतमा तथा गहुँको पिठो चीन तर्फ निर्यात हुने गरेको अभिलेखले देखाउँछ तर हाल आएर यी वस्तुहरु नेपालमा आयात भइरहेको देखिन्छ । आधुनिक र व्यावसायिक कृषिको माध्यमबाट अझै पनि नेपालले कृषिजन्य वस्तुहरुमा आत्मनिर्भर र निर्यातयोग्य वस्तुमा निर्यात प्रवर्द्धन गर्न सकिन्छ ।

नेपालले वि. सं. २०६१ सालमा विश्व व्यापार संगठनको सदस्यता लिए पश्चात् विभिन्न १७७ देशहरुसँग द्विपक्षिय व्यापार सन्धिमा हस्ताक्षर गरेको छ । हाल नेपालले चिया, कफी, मह, गलैंचा, अदुवा, पश्मिनाका कपडाहरु आदि निर्यात गर्दै निर्यात गर्दै आइरहेको छ । Trade Map, Market acess map, Export potential map जस्ता Market Tool प्रयोग गरेर कुनै पनि देशको वस्तुको अन्तर्राष्ट्रिय व्यापार सम्भावना, नियम र वस्तु स्थिति थाहा पाउन सकिने हुनाले यी पोर्टलहरु प्रयोग गरी निर्यात भइरहेको कृषि वस्तु निर्यातको जानकारी प्राप्त गर्न सकिन्छ ।

## नेपालबाट निर्यात हुने केही कृषि बस्तुहरु

### कफि (HS code ०९०१११००)

नेपालबाट कफि बढी निर्यात हुने देश स्वीट्जरल्याण्ड, जर्मनी, जापान, अष्ट्रेलिया, चेक रिपब्लिक, ताईपेयी र बेलायत पर्दछन् । यी देशहरुमा हुने कुल कफीको माग र उपलब्धताको अवस्था हेर्दा मागको अनुपातमा उपलब्धता न्यून देखिन्छ । कफी नेपालबाट निर्यात हुने कृषि वस्तुमध्ये महत्वपूर्ण उत्पादन हो । यसको उत्पादन बृद्धि गर्न सकेमा अन्तराष्ट्रिय बजारमा व्यापार सन्तुलनमा योगदान पुग्न सक्छ । ITC को export potential map हेर्दा भारत, अमेरिका, टर्कि, जर्मनी, चाइना, बेलायत र फ्रान्स आदि देशहरुमा नेपालको निर्यात व्यापारको लागि महत्वपूर्ण र सम्भावनायुक्त रहेको देखिन्छ ।

**कफि निर्यातको सम्भावना भएका देशहरु**

| देश | निर्यात माग | प्रयोग भएको माग | बाँकि माग |
|---|---|---|---|
| अमेरिका | ४७.२ बिलियन | ४४.२ बिलियन | ४३.१ बिलियन |
| जर्मनी | ४४.४ बिलियन | ४२.७ बिलियन | ४१.८ बिलियन |
| इटाली | ४२.२ बिलियन | ४१.४ बिलियन | ४९०३ मिलियन |
| जापान | ४१.८ बिलियन | ४१.१ बिलियन | ४७०३ मिलियन |
| बेल्जियम | ४१.६ बिलियन | ४१ बिलियन | ४६९३ मिलियन |
| क्यानडा | ४१.१ बिलियन | ४६२८ मिलियन | ४५१५ मिलियन |

**स्रोत :** Export potential map, International trade center

### अलैंची (HS code ०९०१११००)

नेपाल विश्वको प्रमुख अलैची उत्पादन गर्ने देश हो । नेपालको ४२ वटा जिल्लामा यसको खेति हुन्छ । कुल उत्पादनको ७३% ताप्लेजुङ, पाँचथर र संखुवासभाबाट आउँछ । गुणस्तरीय ग्रेडिङ, लेवलिङ, प्याकेजीङ/बजार विविधिकरणको सुधार गरि अलैंचिलाई अन्तराष्ट्रिय बजारमा पुराउन सकिन्छ । ITC (International trade center ) को export potential map बाट भारत, बंग्लादेश, जर्मनी, बेलायत, चाइना, टर्कि र फ्रान्समा नेपालबाट अलैंची निर्यातको उच्च सम्भावना बोकेका देश हुन् ।

**अलैंची निर्यातको सम्भावना भएका देशहरु**

| देश | निर्यात माग | प्रयोग भएको माग | बाँकि माग |
|---|---|---|---|
| भारत | $१०९ मिलिएन | $४० मिलिएन | $६९ मिलिएन |
| बंग्लादेश | $ ३.४ मिलिएन | $० मिलिएन | $३.४ मिलिएन |
| जर्मनी | $२.७ मिलिएन | $१.७ हजार | $२.७ मिलिएन |
| बेलायत | $२.४ मिलिएन | $० | $२.४ मिलिएन |
| चाइना | $१.५ मलिएन | $१८ हजार | $१.५ मिलिएन |
| टर्कि | $१ मिलिएन | $१० हजार | $९९४ हजार |
| फ्रान्स | $८९४ हजार | $२.२ हजार | $८९३ हजार |

**स्रोत :** Export potential map, International trade center

### अदुवा (HS code ०९१०१११० )

विश्वव्यापीरुपमा नेपाल चीन र भारत पछि तेस्रो ठूलो अदुवा उत्पादक हो । भारत नेपाली अदुवाको प्रमुख निर्यात बजार हो । भारतमा ढुवानी गर्ने झण्डै ९४ प्रतिशत ताजा अदुवा र बाँकी प्रशोधित अदुवा हुन्छन् । भारत बाहेक जर्मनी, फ्रान्स, नेदरल्याण्ड, स्वीजरल्याण्ड निर्यात गर्ने देश हुन् । अदुवा निर्यातमा विश्वबजारमा नेपाल १९ औं स्थानमा पर्दछ र विश्वको निकासको हिस्सामा ०.६ % रहेको छ ।

**अदुवा निर्यातको सम्भावना भएका देशहरु**

| देश | निर्यात माग | प्रयोग भएको माग | बाँकि माग |
|---|---|---|---|
| भारत | $१.५ मिलिएन | $४.१ मिलिएन | |
| जर्मनि | $४०८ हजार | $२२३ हजार | $१८५ हजार |
| बंग्लादेश | $४५४ हजार | $४७ हजार | $४०८ हजार |
| अमेरिका | $७४७ हजार | $७ हजार | $७९० हजार |
| फ्रान्स | $१६४ हजार | $५.५ हजार | $१५८ हजार |
| जापान | $९१ हजार | $१.१ हजार | $९० हजार |
| नेदरल्याण्ड | $२५२ हजार | $४०० | $२५२ हजार |
| स्वीजरल्याण्ड | $१०९ हजार | $४०० | $१०८ हजार |
| क्यानडा | $१८० हजार | $६७ | $१८० हजार |
| बेलायत | $३७२ हजार | $० | $३७२ हजार |

**स्रोत :** Export potential map ,International trade center

### मह (HS code ०४०९००१०)

मह नेपालको निर्यातजन्य बस्तुमा उदाउँदै आएको छ । मह खाद्य, उद्योग कस्मेटिक्स, औषधि क्षेत्रमा प्रयोग हुन्छ । नेपालको पहाडी र हिमाली प्राकृतिक महले विश्व बजारमा ठाउँ पाउने सम्भावना देखिन्छ । ITC(International Trade Center) को तथ्याङ्क अनुसार नेपालबाट महको निकासी भारत, अमेरिका, जापान, मलेसिया र क्यानडामा भएको देखिन्छ । विश्व बजारमा महको माग भएका देशहरु अमेरिका, जर्मनी, जापान, बेलायत, फ्रान्स, इटाली र पोल्याण्ड हुन् ।

**मह निर्यातको सम्भावना भएका देशहरु**

| देश | निर्यात माग | प्रयोग भएको माग | बाँकि माग |
|---|---|---|---|
| अमेरिका | $६७६ मिलिएन | $४४४ मिलिएन | $३५६ मिलिएन |
| जर्मनी | $४१९ मिलिएन | $२९२ मिलिएन | $२०७ मलिएन |
| जापान | $२३७ मिलिएन | $१५५ मिलिएन | ४ १३३ मिलिएन |
| बेलायत | $२०० मिलिएन | $ १३५मिलिएन | $९७ मिलिएन |
| फ्रान्स | $१८९ मिलिएन | $१२९ मिलिएन | $७७ मिलिएन |
| इटाली | $११८ मिलिएन | $८४ मिलिएन | $६३ मिलिएन |
| पोल्याण्ड | $१०८ मिलिएन | $६७ मिलिएन | $६२ मिलिएन |

**स्रोत :** Export potential map, International trade center

### बेसार (Hs code ०९१०३०२०)

बेसार नेपालको सम्भावित नगदे बाली हो । यसको निर्यात जर्मनी र जापानमा भएको देखिन्छ । विश्वबजारमा बेसारको आयातकर्ता देश अमेरिका, भारत, बंगलादेश, यू.ए.इ, जर्मनी, बेलायत र नेदरल्याण्ड हुन् । उत्पादन प्रविधि र मार्केटिङ च्यानलमा र यस व्यवसायमा नेपालमा काम हुन बाँकी छ । ITC (International Trade Center) को Export potential map अनुसार अमेरिका, भारत, बंगलादेश, इरान, जर्मनी, बेलायत, मलेसियामा बेसारको माग उच्च छ ।